जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २८ २०७८ साल भदौं ३ गते बिहीबार (19 Aug. 2021 Thursday) मूल्य रु. ५/-

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : महामारीको एउटा उपलब्धि: ... ३ पृष्ठमा : कोशी कहरको १३ वर्ष: ... ३ पृष्ठमा अफगानिस्तानबारे मिलेर अघि...

## महन्थ ठाकुर पक्षद्वारा जसपा नेपाल लोकतान्त्रिक पार्टी दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

महन्थ ठाकुर पक्षले जनता समाजवादी पार्टी नेपाल ( लोकतान्त्रिक) नामक पार्टीका लागि निर्वाचन आयोगमा निवेदन दर्ता गराएको छ ।

सरकारले संघीय संसद वा केन्द्रीय समितिको २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सक्ने अध्यादेश ल्याएपछि ठाकुर पक्षले बुधबार निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि निवेदन दर्ता गराएको हो ।



२४ केन्द्रिय कार्यकारणी सदस्य रहेको नयाँ दर्ता गरिएको पार्टीको अध्यक्षमा महन्थ ठाकुर र चुनाव चिह्न साइकल प्रस्ताव गरिएको छ ।

निर्वाचन आयोगले साउन ११ गते जसपाको उपेन्द्र यादव पक्षलाई आधिकारिकता दिएपछि ठाकुरसहितका नेताहरुले नयाँ दल दर्ताको तयारी गरेका थियो ।

तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टी (सपा) मिलेर २०९७७ वैशाखमा जसपामा बनेको थियो । तर ५ पुस २०७७ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा भंग गरेपछि जसपामा विवाद सुरु भएको थियो ।

## माधव नेपाल समूहद्वारा नेकपा एमाले समाजवादी पार्टी दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

माधवकुमार नेपाल समूहले नेकपा एमाले समाजवादी दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको छ ।

सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले संसदीय दल वा केन्द्रीय समितिको २० प्रतिशतले दल विभाजन गर्न सक्ने गरी राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएसँगै नेपाल समूहले नयाँ दल दर्ताको निर्णय गरेको हो ।

नेता नेपालले एमालेका ९८



केन्द्रीय सदस्यसहित नयाँ दल दर्ताका लागि आवदेन दिएका हुन् । एमालेमा केपी ओलीले गरेको व्यवहार, दुईदुई पटक संसद भंग गरेको तर, गल्ती स्वीकार नगरेको तथा संसद र संविधानका रक्षाका लागि पार्टी एकताको आवाज उठाएपनि सुनुवाई नभएकाले नयाँ पार्टी बनाउने निर्णयमा पुगेको एमाले समाजवादीका नेता राजेन्द्र पाण्डेले जानकारी दिए ।

नयाँ पार्टीको अध्यक्ष माधवकुमार नेपाल स्वयंम छन् भने वरिष्ठ नेता झलनाथ खनाल छन् । यस्तै ९५ सदस्यीय केन्द्रीय कमिटी गठन गरिएको नेता पाण्डेले जानकारी दिए । सो पार्टीले चुनाव चिन्हमा खुल्ला किताब रोजेको छ ।

## नेता नेपालसहित १४ सांसदद्वारा कारबाही नगर्न आग्रह


काठमाडौँ, २ भदौ (रासस) ।

नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपालसहित १४ जना प्रतिनिधिसभा सदस्यले आफूहरूलाई पदमुक्त नगर्न सङ्घीय संसद् सचिवालयमा पत्र बुझाएका छन् ।

गत वैशाख २७ गते तत्कालीन प्रधानमन्त्री एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई संसद्मा विश्वासको मत दिने बैठकमा मत नदिएको र गत साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई पार्टीको नीति विपरीत विश्वासको मत दिएको स्थितिमा एमालेले ती सांसदलाई कारबाही गर्न यही भदौ १ गते सङ्घीय संसद् सचिवालयमा पत्र पठाएको थियो ।

एमालेले राजनीतिक दलसम्बन्धी ऐनको दफा २८ बमोजिम कारबाहीका लागि सिफारिस गरेको जनाए पनि आफूहरूले उक्त कानुन विपरीत हुने गरी कुनै कार्य नगरेकाले कारबाही नगर्न बुधबार आग्रह गर्दै ती सांसदले माग गरेका हुन् ।

कारबाहीका लागि सिफारिस गरिएकामा जीवनराम श्रेष्ठ, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कल्याणी खड्का, लक्ष्मीकुमारी चौधरी, निरादेवी जैरु, पुष्पाकुमारी कर्ण, सरला यादव, कलिला खातुन, विरोध खतिवडा, कृष्णलाल महर्जन, भवानी खापुङ र मेटमणि चौधरी रहनुभएको छ । एमालेमा असन्तुष्ट रहँदै आएको सो पक्षले नयाँ अध्यादेशबमोजिम बुधबारै नयाँ दल दर्ताको प्रक्रिया सुरु गरेको छ ।




## अध्यादेशविरुद्ध नेकपा एमालेद्वारा बिरोध




**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

नेकपा एमाले निकटका युवा र विद्यार्थीहरुले सरकारले राजनीतिक दल सम्बन्धि अध्यादेशलाई दल विभाजन गर्ने उदेश्यले ल्याईएको भन्दै बुधवार राजविराजमा मशाल जुलुस प्रर्दशन गर्दै विरोध प्रदर्शन गरेको छ ।

राष्ट्रिय युवा संघ नेपाल र अनेरास्ववियु जिल्ला कमिटी सप्तरीको संयुक्त अगुवाईमा स्थानीय हुनमान मन्दिरको प्रागंणबाट निस्केको मसाल जुलुश बजार क्षेत्र परिक्रमा पश्चात् जनआन्दोलन चौकमा पुगी विरोध सभामा परिणत भएको थियो ।

सभालाई युवा संघ नेपालका जिल्ला अध्यक्ष चितरंजन यादव, अनेरास्ववियुका जिल्ला अध्यक्ष ललित

*बाँकी अन्तिम पृष्ठमा*

## नेपाल पत्रकार महासंघ सप्तरीको सूचना

सूचना विभागबाट लोक कल्याणकारी विज्ञापन वापतको भुक्तानी यसअघि जिल्ला हुलाक कार्यालय धनुषाबाट प्रदान गर्दै आएको सर्वविदितै छ । तर, मुलुकमा विज्ञापन बोर्ड गठनसँगै साना लगानीका मिडियाहरुकै चाहना बमोजिम चालू आर्थिक वर्षदेखि जिल्ला-जिल्लामै रहेको हुलाक कार्यालयबाट अब भुक्तानी दिने ब्यवस्था भएको छ । सहजरुपमा भुक्तानी होस भने उद्देश्यले हामी जिल्ला हुलाक कार्यालयसँग छलफल र समन्वयलाई अगाडी बढाएको जानकारी समेत गराउन चाहन्छौं ।

सोही क्रममा तल उल्लेखित सूचना १ र सूचना २ बमोजिम कार्यान्वयनकालागि जिल्ला हुलाक कार्यालयमा यही भदौ ७ गते भित्रै सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

**लोक कल्याणकारी विज्ञापन भुक्तानी सम्बन्धमा**

- प्रत्येक महिनाको ७ गते भित्र अघिल्लो महिनामा प्रकाशन भएको पत्रिका, भुक्तानी मागको निवेदन, बिल र खाता रहेको बैंकको एकप्रति चेक बुझाउनु होला ।

**पत्रिका नविकरण र दर्ता सम्बन्धमा**

- लोक कल्याणकारी विज्ञापनको भुक्तानी लिन अब जिल्ला हुलाक कार्यालय सप्तरीमा अनिवार्यरुपमा पत्रिका दर्ता र वा दर्ता भएकाले नविकरण गराउनुपर्ने भएको छ ।
- यो कार्य भदौ ७ भित्रै सम्पन्न गराउनुपर्नेछ । र यसकालागि आवश्यक कागजातहरु निम्न बमोजिम छन्

१. जिल्ला प्रशासन कार्यालयमा पत्रिका दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी प्रति १
२. पान प्रमाण पत्रको प्रतिलिपी प्रति १
३ दर्ताकालागि लेटर प्याडमा निवेदन
४. २० जना ग्राहकको नाम
५. वर्तमान २ अंक पत्रिका

*नोट : लेटर प्याड सबै पत्रिका सञ्चालकले अनिवार्य रुपमा सम्पर्क नम्बर र इमेल एड्रेस राख्नुहोला । र जिल्ला हुलाकमा पत्रिका सम्बन्धी कार्य काली सर भन्नेलाई तोकिएको छ ।*

**सचिव**
**रामनारायण विश्वास**

## सम्पादकीय ....

# शिक्षा अति नै महत्वपूर्ण

कुनै पनि देशको चौतर्फी विकासका शिक्षा नै प्रमुख महत्वपूर्ण विषय हुन्छ । मुलुकले यस्ता विषयहरुमा संवेदशील भएका कार्य गर्ने सके मात्र उसको पूर्वनिर्धारित उद्देश्य हालि हुन सक्छ । विकास निर्माण राज्यको पुनर्सरचना आधुनिकीकरण भनेको हावामा बेलुन उडाउनु जस्तो सजिलो अवश्य छैन । यी विषयहरुबीच अन्तर सम्बन्धलाई बुझेर उचित तालमेल मिलाउन सके मात्र राम्रो हुन्छ ।

विगतमा इतिहासिको फेरबदलका निम्ति युवाले निभाएको भूमिका कदर गर्न नसक्नु युवा शक्ति के हुन्, यिनीलाई कहाँ प्रयोग गर्ने यिनीहरुलाई कसरी आफ्नै देशमा बस्ने वातावरण बनाउने भन्ने विषयमा राज्यको उचित नीति नियम बन्न नसकेकोले विकासमा पनि प्रभाव परेको छ । त्यस्तै राजनीतिक एव वैचारिक रुपमा अगाडि बढ्न नसक्नुले पनि यतिबेला देश पछाडि परिरहेको छ । नेपालको शिक्षामा पनि प्रभाव परेको छ । प्राविधिक एवम् व्यावहारिक, व्यावसायिक शिक्षाको अभावमा बजारमा शैक्षिक बेरोजगारहरु रहेका छन् ।

यी सबै विषयवस्तुहरुलाई मिलाएर लानु राज्यको कर्तव्य हो । तर यतिबेला मुलुक यस्तो तालमेल विहीन अवस्थाबाट गुज्रिरहेको छ, जसले दिनप्रतिदिन बिग्रँदो अवस्थालाई टेवा पुऱ्याउँदै लगेको छ । यी विषयहरुमा मात्र नभएर राज्यका अन्य विषयहरु पनि त्यत्तिकै गोलमाल छ । सधैं यस्ता विषयहरुमा मौन रहनु जायज छ त ? राष्ट्रिय राजनीति पनि अत्यन्तै बिग्रदो स्थितिमा छ । के यसरी नयाँ नेपाल बन्छ ? तसर्थ कमीकमजोरी केलाउन र नयाँ ढङ्गले अगाडि बढ्न सबै पछि हट्न हुन्न् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महामारीको एउटा उपलब्धिः विद्युतीय कारोबारमा गुणात्मक वृद्धि

काठमाडौँ, २ भदौ (रासस) ।

केही वर्ष अघिसम्म सामान्य कारोवारको भुक्तानीका लागि पनि कि चेक काट्नुपर्थ्यो, कि त नगद नै दिनुपर्थ्यो । सूचना तथा प्रविधिको क्षेत्रमा आएको विकासलाई क्रमशः अवलम्बन गर्दै गएको बैंक तथा वित्तीय संस्थाले क्रमशः विद्युतीय कारोवारलाई बढावा दिएका छन् ।

कोरोनाको महामारी आउनुभन्दा पहिले वैकल्पिक प्रणाली जस्तो रहेको विद्युतीय कारोवार अहिले आएर भने आम नागरिकको सेवा बन्न पुगेको छ । नेपाल राष्ट्र बैंकले योजनाबद्ध रूपमा नै विद्युतीय भुक्तानी र कारोवारलाई बढावा दिएको छ । मोबाइल वालेट, कनेक्ट आइपिएस, आरजिटिएस जस्ता प्रणाली सञ्चालनमा ल्याएको छ । यसले गर्दा आम मानिसलाई कारोवारमा सहजता र विश्वसनियता पनि थपेको छ । यता विद्युतीय कारोवारमा वृद्धि भएसँगै सुरक्षाबारे बढेको चासोप्रति भने नियामक निकायको दायित्व थपिएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/७८ को विवरणअनुसार विद्युतीय कारोवारको सङ्ख्या र परिमाण दुवै बढेको देख्न सकिन्छ । केन्द्रीय बैंकका अनुसार २०७७ जेठ मसान्तको तुलनामा २०७८ जेठ मसान्तसम्म आइपुग्दा ठूलो कारोवारका राफसाफका लागि सञ्चालनमा ल्याइएको रियल टाइम ग्रस सेटलमेन्ट (आरजिएिस) कनेक्ट आइपिएस र मोबाइल बैंकिङमार्फत हुने कारोवारमा उल्लेख्य वृद्धि भएको छ । विवरणअनुसार २०७७ जेठको तुलनामा २०७८ जेठमा विद्युतीय कारोवारमा चार गुणाले वृद्धि भएको छ ।

बैंकका अनुसार २०७७ जेठमा रु १६ खर्ब ३८ अर्ब १० करोड ४० लाख बराबरको कारोवार भएकामा २०७८ जेटमा आइपुग्दा रु २१ खर्ब १२ अर्ब ४० करोड ६७ लाख बराबरको कारोवार भएको छ । त्यसमा आरजिटिएस, कनेक्ट आइपिएस र मोबाइल बैंकिङको ठूलो हिस्सा रहेको छ । विवरण हेर्दा कारोवारको मात्रा एक वर्षको अवधिमा ४१२ प्रतिशतले बढेको देखिन्छ । केन्द्रीय बैंकका अनुसार २०७७ जेठमा छ लाख ९६ हजार ५३८ पटक कनेक्ट आइपिएसबाट कारोवार भएकामा २०७८ जेठमा आइपुग्दा त्यसमा वृद्धि भई दुई लाख १६ हजार ६४८ पुगेको छ । विसं २०७७ जेठ मसान्तसम्म कूल ३७ हजार २९७ पटक आरजिटिएसमार्फत भुक्तानी भएकामा २०७८ जेठमा पुग्दा कूल ३४ हजार ८७४ पटक आरजिटिएस कारोवार भएको छ ।

यस्तै, नेपाल राष्ट्र बैंकले अभियानकै रूपमा सञ्चालन गरेको क्विक रेस्पोन्स(क्यूआर) मा आधारित कारोवारमा पनि उत्तीकै वृद्धि भएको छ । विसं २०७७ असार मसान्तमा एक लाख ९५ हजार १६ वटा कारोवार भएकामा २०७८ जेठ मसान्तमा आइपुग्दा यसमा वृद्धि भई पाँच लाख दुई हजार ६६६ पुगेको छ । विसं २०७७ जेठमा मोबाइल बैंकिङमार्फत ५८ लाख १७ हजार ६८१ पटक कारोवार भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा एक करोड १० लाखभन्दा माथि पुगेको छ । वालेटमार्फत हुने कारोवारको अवस्था पनि त्यस्तै उत्साहप्रद रहेको छ । विसं २०७७ जेठमा एक करोड एक लाख ७९ हजार ५५७ पटक कारोवार भएकामा २०७८ जेठ मसान्तमा केही घटेर ९७ लाख ५० हजार ६५ मा सीमित भएको छ ।

कोरोनाका कारण २०६७ चैतदेखि २०७७ साउनसम्म देशव्यापी लकडाउन लागू भयो । यस्तै २०७८ वैशाख १६ गतेदेखि २०७७ असारको दोस्रो सातासम्म देशव्यापी निषेधाज्ञा लागू भयो । कोरोनाका कारण बैंक तथा वित्तीय संस्थामा भौतिक रूपमा उपस्थित भएर कारोवार गर्न नपाएपछि आम मानिसले विद्युतीय कारोबारलाई नै प्राथमिकता दिएका छन् । विद्युतीय कारोबार सहज र सस्तो भएकाले पनि मानिसको आकर्षण बढेको देखिन्छ । राष्ट्र बैंकको विवरणअनुसार कनेक्ट आइपिसमार्फत हुने कारोबार रु एक खर्ब भन्दा बढीले भएको छ ।

विसं २०७७ जेठ मसान्तमा रु रु ५१ अर्ब ३० करोड ६० लाख बराबरको कारोबार कनेक्ट आइपिएसमार्फत भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा आइपुग्दा रु एक खर्ब ५८ अर्ब २५ करोड ४० लाख बराबर पुगेको छ । अघिल्लो जेठमा १४ लाख ६४ हजार वटा कारोबार भएकामा २०७८ जेठमा आइपुग्दा त्यो बढेर २१ लाख ६० हजार ६४८ पटक कारोवार भएको छ । नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेषमान प्रधानका अनुसार ग्राहकमा बढ्दै गएको प्रविधिप्रतिको जागरुपता तथा कोरोनाका कारण पनि विद्युतीय कारोवारमा वृद्धि भएको हो । सरकार, नेपाल राष्ट्र बैंक तथा सम्वद्ध अन्य सरकारी तथा गैरसरकारी निकायको सार्थक प्रयासले नगदरहित कारोबारमा अभिवृद्धि हुन पुगेको उहाँको भनाई छ । कनेक्ट आइपिएसमार्फत कारोवार गर्नेको मात्रा ६६० प्रतिशतले वृद्धि भएको छ ।

यस्तै, आइपिमार्फत हुने कारोबार पनि ८५ प्रतिशतले वृद्धि भएको छ । प्रमुख कार्यकारी अधिकृत प्रधान सबै क्षेत्रमा सहज रूपमा विद्युतीय कारोवार हुने र स्वीकार्य हुने अवस्था बनेको खण्डमा नगद कारोवारलाई न्यून विन्दुमा झार्न सकिने बताउनुहुन्छ । नीतिगत रूपमा पनि सहज व्यवस्था गरिएको तथा कारोनाका कारण पनि सहज कारोवारमा आम चासो बढेको भन्दै उहाँले सर्वस्वीकार्य कारोबारको लागि थप व्यवस्था गर्न सरोकारवाला सबैले चासो दिनुपर्नेमा जोड दिनुभयो ।

बैंकका अनुसार २०७७ असार मसान्तसम्म कूल रु ५८ करोड ९० लाख बराबरको भुक्तानी क्यूआरकोडमार्फत भएकामा त्यो बढेर २०७८ जेठ मसान्तमा आइपुग्दा रु एक अर्ब ९६ करोड ८० लाख बराबर पुगेको छ । यसले पनि नेपाली नागरिक प्रविधिको प्रयोगमा अध्यस्त हुँदै गएको देखिन्छ । केन्द्रीय बैंकले कालीमाटी तरकारी तथा फलफूल बजारका अतिरिक्त देशका प्रमुख तरकारी बजार, डिपार्टमेन्टल स्टोर तथा अन्य सार्वजनिक स्थानमा क्यूआरकोडको प्रयोगलाई बढावा दिन अभियान नै चलाएको छ ।

नबिल बैंकका नायब महाप्रबन्धक मनोज ज्ञवालीले नेपाल राष्ट्र बैंकले सहज रूपमा नीतिगत व्यवस्था गरिदिएको तथा नागरिकमा आएको जागरुपताका कारण पनि विद्युतीय कारोबारमा वृद्धि भएको बताउनुभयो । आफनो बैंकले पनि क्यूआर कोडको प्रयोगलाई अभियानकै रूपमा अगाडि बढाएको उल्लेख गर्दै उहाँले कोरोनाकाल भन्दा अगाडि र पछाडिको तुलना गर्दा उल्लेख्य रूपमा विद्युतीय कारोबारमा वृद्धि भएको जानकारी दिनुभयो ।

क्यूआर कोड प्रयोग गर्ने क्रम बढ्दै जाँदा त्यसले समाजमा समेत सकारात्मक प्रभाव पारेको छ । खुद्रा पसल, तरकारी बजार तथा सामान्य व्यवसायमा समेत क्यूआरकोड प्रयोगमा वृद्धि हुँदै आएको छ । बैंक तथा वित्तीय संस्थाले फोन वा डिजिटल प्रणालीमार्फत कर्जा समेत उपलब्ध गराउने व्यवस्था गरिसकेको जानकारी दिँदै नायब महाप्रबन्धक ज्ञवालीले केही समयभित्रै विद्युतीय कारोवारमार्फत ४५ लाख बढी ग्राहक जोडिने विश्वास व्यक्त गर्नुभयो ।

नगदरहित कारोबारलाई बढावा दिँदै जाने केन्द्रीय बैंकको योजना छ । गभर्नर महाप्रसाद अधिकारीले यो अभियानलाई महाअभियानको सङ्ज्ञा दिनुभएको छ । निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले समेत यसलाई आत्मसात् गरेका छन् । चालु आर्थिक वर्षको मौद्रिक नीतिमा पनि विद्युतीय भुक्तानी प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना समेटिएको छ । नगदरहित कारोबारको प्रवर्द्धनमा लागेको केन्द्रीय बैंकले त्यसका लागि उपकरणको अन्तरआवद्धता गर्दै राष्ट्रिय भुक्तानी स्वीच स्थापना गर्ने भएको छ । मौद्रिक नीतिमा आर्थिक वर्ष २०७९/८० लाई विद्युतीय भुक्तानी कारोवार प्रवर्द्धन वर्षको रूपमा मनाउने लक्ष्य राखेको छ । त्यसका लागि चालू अवमा आवश्यक पूर्वाधारको विकास र चेतना अभिवृद्धिमा जोड दिने लक्ष्य छ ।

गभर्नर अधिकारीका अनुसार विद्युतीय भुक्तानीका उपकरणबीच अन्तरआवद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारहरूको राफसाफ तथा अभिलेखीकरण गर्न र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याइनेछ । विद्युतीय भुक्तानी प्रणालीको समग्र इकोसिस्टमको विकास र प्रवर्द्धनमा लगानी गर्ने भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक र सञ्चार सेवा प्रदायक संस्थालाई विशेष पुर्नकर्जा उपलब्ध गराइनेछ । त्यस्तो भुक्तानी कारोवारको प्रवर्द्धनका लागि विभिन्न माध्यमबाट हुने कारोवारको सीमा पुनरावलोकन गर्ने, कारोवारमा लाग्ने शुल्कलाई उपयुक्तस्तरमा कायम गर्न नीतिगत व्यवस्था गर्ने भएको छ । सरकारले प्राप्त गर्ने राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ्ग तथा विद्युतीय भुक्तानीको माध्यमबाट गर्ने व्यवस्थाको लागि आवश्यक सहजीकरण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

यस्तै, भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालक संस्थाको कारोबारको दायरा बढाई लघुवित्त वित्तीय संस्था र सहकारीका ग्राहक समक्षसमेत विद्युतीय भुक्तानी सेवा पुऱ्याउन प्रोत्साहन गर्ने नीतिमा समावेश छ । बैंक तथा वित्तीय संस्थामा कर्जाको आवेदनदेखि स्वीकृति गर्नेसम्मको प्रक्रियालाई विद्युतीय माध्यमबाट हुने व्यवस्थाका लागि सहजीकरण गर्न डिजिटल कर्जा मार्गदर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने लक्ष्य राखिएको छ । विश्वमा विद्युतीय मुद्राको प्रयोग तथा सम्भाव्यता अध्ययन भइरहेको सन्दर्भमा नेपालसमेतमा केन्द्रीय बैंक विद्युतीय मुद्राको सम्भाव्यता अध्ययन गर्ने लक्ष्य नीतिले लिएको छ । संसारभर नै क्रिप्टोकरेन्सी तथा बिटक्वाइनको प्रयोग बढ्दै गएको सन्दर्भमा केन्द्रीय बैंकले आफनो नीतिमार्फत सोही दिशामा आफूलाई अग्रसर बनाएको छ ।

नेपाल विद्युत् प्राधिकरणले महसुल भुक्तानीमा केही वर्षपहिलेदेखि नै विद्युतीय प्रणाली शुरुवात गरिसकेको छ । काठमाडौँका अधिकाँश वितरण केन्द्रको महसुलमध्ये झण्डै ५० प्रतिशत हिस्सा विद्युतीय प्रणालीमार्फत हुने गरेको छ । खानेपानीको बिलदेखि हवाई टिकट खरिदसम्म विद्युतीय माध्यमबाटै हुने गरेको छ । सरकारको राजश्वदेखि अन्य दैनिक उपभोग्य सामग्रीको खरिदमा समेत विद्युतीय भुक्तानीको मात्रामा बढोत्तरी भएको छ । नगद नै नभएपनि जीवन सहज रूपमा चलाउन सकिने अवस्था सिर्जना भएको छ । घर, कार्यालय वा आफूलाई आवश्यक परेको स्थानमा मोबाइलबाटै खाना तथा खाजा समेत मगाउन सकिने सहज वातावरण सिर्जना भएको छ ।

कनेक्ट आइपिएसमार्फत नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, राहदानी तथा ट्राफिक प्रहरीको जरिवाना तिर्न सकिन्छ । यस्तै, सवारी साधन खरिद, शेयरबजार कारोबार, बीमाशुल्क तथा इन्टरनेटको बिल, मोबाइल टेलिफोनको बिल तथा बालेटमा समेत पैसा राख्न सकिन्छ । ईसेवाका प्रमुख कार्यकारी अधिकृत सुवास सापकोटाले नेपाल राष्ट्र बैंकले यस बर्षको मौद्रिक नीतिमा यस विषयलाई उच्च प्राथमिकता राख्नु निकै सकारात्मक हो भन्नुभयो ।

यो वर्षको मौद्रिक नीतिमा भुक्तानी सम्बन्धी छुट्टै व्यवस्था गर्नु राम्रो काम भएको भन्दै उहाँले अहिलेको अवस्थामा विकसित देशहरूले गरिरहेको जस्तो ‘क्यासलेस’ कारोबारलाई प्रोत्साहन गर्नु जरुरी छ भन्नुभयो । उहाँले यो प्रयोगकर्ता सचेत हुनुपर्ने विषय पनि हो भन्दै नगद कारोबार बैकल्पिक माध्यामबाट गर्नुपर्नेमा जोड दिनुभयो । अघिल्लो बर्षभन्दा यो बर्ष बढी उत्साहजनक रहेको भन्दै उहाँले बिगतमा नगदरहित कारोबार भनेको एउटा सोखको विषय भए पनि अहिले भने अनिवार्य आवश्यकताजस्तो भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “बिजुली टेलिफोन, विभिन्न बिल भुक्तानी गर्न लाइनमा बस्नेजस्तो झन्झटिलो काम घट्दै गएको छ, समयको

बाँकी तीन पृष्ठमा

# कोशी कहरको १३ वर्षः पहुँचवालाले राहत पाए, पीडितले पाएनन्

इनरुवा, २ भदौ (रासस)।

हजारौंलाई घरबारविहीन बनाउने गरी २०६५ साल भदौ २ गते आएको बाढी यसक्षेत्रका सर्वसाधारणका लागि अझै ताजै छ।

भत्केको सप्तकोशीको बाँध र त्यसले निम्त्याएको समस्या बाढी पीडितहरूले बिर्सन सकेका छैनन्। त्यही कोशी कहरको बुधबार १३ वर्ष पुगेको छ। यो दिनलाई बाढी प्रभावित क्षेत्रका बासिन्दाले कालो दिनका रूपमा मनाउने गरेका छन्। १३ वर्षअघि अर्थात् २०६५ साल भदौ २ गते सप्तकोशी नदीले पश्चिम कुसाहा तटबन्ध भत्काउँदा सुनसरीको तत्कालीन पश्चिम कुसाहा, हरिपुर, श्रीपुर, मधुबन र लौकही गाविसका हजारौं परिवार विस्थापित भएका थिए भने अर्बौंको क्षति भएको थियो।

खेतीयोग्य हजारौं बिघा जग्गा बालुवामय बनाउने गरी आएको बाढीले हजारौं सर्वसाधारणलाई बेरोजगार बनायो। तर, कोशी बाढीको १३ वर्ष पुगे पनि पीडितहरू अहिले पनि राज्यबाट आफूहरूले पाउनुपर्ने राहत तथा सहयोग पाउन नसकेको गुनासो गरिरहेका छन्। पीडितहरूको नाममा विभिन्न क्षेत्रबाट राहत आए पनि आफूहरूले नपाएको उनीहरू गुनासो छ।

पीडितले विस्तारै आफ्नो पुरानो दैनिक अवस्थामा फर्किन थालेको छ भने बाढीबाट क्षति भएको जग्गा अहिलेसम्म पूर्ण अवस्थामा आउन नसकेको र सरकारले भनेको पूर्ण राहतसमेत पाउन नसकेको कोशी गाउँपालिका- ६ का विन्देश्वर मेहताले बताउनुभयो।

तत्कालीन प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले कोशीपीडितलाई घरमर्मत गर्नका लागि ३५ केबी काठ दिने निर्णय गरेको भए पनि अहिलेसम्म त्यो काठ वितरण नभएको कोशीपीडित सङ्घर्ष समितिका अध्यक्ष पञ्चनारायण मण्डलले बताउनुभयो। सुनसरीको साविक पश्चिम कुसहा गाविस-४ हालको कोशी गाउँपालिकास्थित कोशी नदीको पूर्वी तटबन्धको स्पर नम्बर १२ दशमलव १० तथा स्पर नम्बर नम्बर १२ दशमलव ९० बीचमा पानीको धक्काले फुटेर विनाशकारी बाढी गाउँमा पसेको थियो। कोशीको भङ्गालो गाउँमा पसेकाले सात हजार ५६३ परिवारका ४२ हजार ७६५ स्थानीयवासी विस्थापित भएको दिन भदौ २ गते १३ वर्ष पूरा भएको छ, तर विस्थापित भएका कोशीपीडितको जनजीविका अझै पूर्वावस्थामा फर्कन नसकेर अधुरै रहेको सङ्घर्ष समितिका अध्यक्ष मण्डलको भनाइ छ।

यो अवस्थालाई केलाउँदा सुनसरीको कोशी बाढीपीडितको राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाका विषयमा विभिन्न माग राखेर कोशीपीडितले विसं २०६५ भदौ २७ गते सरकारलाई प्रेस विज्ञप्ति जारी गरी विभिन्न आन्दोलनको घोषणा गरेकाले तत्काल सुनसरी जिल्ला प्रशासन कार्यालयले विसं २०६५ पुस १ गते समस्या समाधानका लागि गृहमन्त्रीसँग वार्ताको वातावरण मिलाइ दिएको र वार्ता पश्चात उपप्रधानमन्त्रीस्तरको पुस २२ को निर्णयबाट सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक इकाई गठन गरेको केही समयपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीको नाममा सम्बोधन गर्ने क्रममा कोशी बाढीपीडित क्षेत्रको समस्या समाधानका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रतिबद्धता जनाउनु भएअनुसार विसं २०६५ फागुन २२ गते मन्त्रिपरिषद्को निर्णयबाट तत्कालीन सभासद नन्दनकुमार दत्तको संयोजकत्वमा २० सदस्यीय कोशी बाढीपीडित व्यवस्थापन उच्चस्तरीय कार्यदल गठन गरेको थियो।

सो कार्यदलले यर्थात प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको १३ वर्ष बित्दासमेत कार्यदलको प्रतिवेदन पूर्ण रूपमा कार्यान्वन नभएको बाढीपीडितको गुनासो छ। कार्यदलले आफ्नो प्रतिवेदनमा बजेट सम्बन्धमा सिफारिस प्रतिवेदनमा उल्लेख भए बमोजिमका रातो, पहेँलो र हरियो भनी वर्गीकरण गरिएका क्षेत्रमा के कति कस्ता प्रकृतिका घरजग्गा पर्दछन् तथा कति परिवार बसोबास गर्दछन् भन्ने यकिन तथ्याङ्क प्रतिवेदनमा नखुलेको र बजेट अनुमानसमेत प्राप्त नभएको अवस्था हुँदा सम्बन्धित मन्त्रालयले गृहकार्य गरी आवश्यक बजेट निकासाका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने र अर्थ मन्त्रालयले निकासा दिने उल्लेख गरिएको छ।

उच्चस्तरीय कार्यदलबाट प्राप्त सुझावलाई हेर्दा रातो क्षेत्रमा पर्ने पीडित परिवारमध्येबाट जग्गा सुधार कार्यका लागि ट्र्याक्टर खरिद गर्न चाहनेलाई निरव्याजी ऋण उपलब्ध गराउने, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट बाँध फुट्नु अघि पीडितले लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने, बाढीपीडित परिवारलाई नेपालभर निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था ३ वर्षका लागि उपलब्ध गराउने, वैदेशिक तथा स्वदेशी रोजगारीमा बाढीपीडित परिवारका बेरोजगार युवायुवतीलाई प्राथमिकता दिने, वैदेशिक रोजगारीमा सरकारी कोटा उपलब्ध गराई निःशुल्क राहदानी, (भिसा) जाने व्यवस्था मिलाउनुपर्ने, बाँध फुटाउने (तारजाली झिक्ने, ढुङ्गा निकाल्ने) व्यक्तिको बाढीपीडित सङ्घर्ष समितिको सहयोगमा पहिचान गरी दोषी उपर कारवाहीको प्रक्रिया अगाडि बढाउने, बाढीपीडित परिवारका विद्यार्थीलाई ३ वर्षका लागि नेपालभर सरकारी तथा गैरसरकारी स्कूल तथा क्याम्पसमा निःशुल्क अध्ययन तथा पाठ्यपुस्तकको व्यवस्था गर्ने, बाढीपीडित क्षेत्रको सम्पूर्ण क्षतिपूर्ति तथा राहत नेपाल सरकारले यथाशीघ्र निर्णय गरी बाढीपीडितलाई उपलब्ध गराउने, बाढीपीडित क्षेत्रमा भएका जग्गामा जग्गा सुधार कार्यक्रमको साथै सतह सिंचाइको व्यवस्था प्राथमिकताका साथ गर्ने, बाढीका कारण कतिपय उद्योग धन्दा, व्यवसाय र पशुपालन व्यवसायमा क्षति भएकोमा सो को यथार्थ मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन भनिएकोमा आंशिक रूपमा मात्रै पूरा भएको छ।

सिफारिसमा सहायता उपलब्ध हुनुपर्ने तथा सो घटनाको छानबिन गरी दोषीमाथि कारवाही गर्नुपर्ने उल्लेख थियो। तर को थियो दोषी न त छानबिन भएको छ न त कसैलाई कारवाही नै भएको छ। यसरी हेर्दा सरकारको निर्णय नै कार्यान्वयन नभएको एकातिर देखिन्छ भने अर्कोतिर नियमित रूपमा उब्जाउ हुने खेतमा बालुवा नै बालुवा भएको र भगाइलोले खण्ड खण्ड र खाल्डो परेकाले १३ वर्षदेखि अधिकाशं कृषकले पूर्ण रूपमा खेतीपाती गर्न पाएको छैन्। फाटफुट रूपमा कोशी कटानका कारण बगरमा परवल खेती गरे पनि अहिलेसम्म त्यो क्षेत्रमा अन्यबाली उब्जाउ हुन नसेको र आफूहरूले पाउने राहतसमेत पाउन नसकेको कोशी गाउँपालिका-६ का जयप्रकाश साहले बताउनुभयो।

कोशी कटान विस्थापित भएको दुई वर्षपछि सुकुम्बासीदेखि जग्गा भएका बाढीपीडित विसं २०६७ साउन सम्ममा पुनःस्थापित भएको थियो। विस्थापित भएका कोशीपीडितमध्ये केही विस्थापित भएको चार महिनादेखि दुई वर्षसम्ममा सुकुम्बासीदेखि जग्गा भएकासमेत पुनःस्थापित भए तर जग्गा अहिलेसम्म पूर्वावस्थामा फर्कन सकेको छैन। बाढीपीडितले अझैंपनि आफूहरूले पूर्ण राहतको महसुस गर्न नसकेको गुनासो गरिरहेका छन्।

सुनसरीको कोशी बाढीपीडितको अवस्था १३ वर्षपछि मात्र पारिवारीक अवस्थामा क्रमिक रूपमा सुधार हुँदै गएको छ। तर केही बाढीपीडितको अवस्था अहिले पनि दयनीय रहेको छ। १३ वर्ष अगाडि कोशी भत्किँदा विस्थापित र पीडित बनेका पुनःस्थापित भएपछि दैनिक दिनचर्यामा विस्तारै सुधार हुँदै गएको देखिन्छ।

सरकारले कोशीपीडितका लागि १३ वर्षको अवधिमा रु दुई अर्बभन्दा बढी खर्च गरिएको अवस्था छ। तर त्यसको प्रभावकारी अनुगमन नगरिएकाले कोशीपीडित सन्तुष्ट नभएको पाइएको छ। सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पशु, आवास, पुनःस्थापना, पुर्नवास र राहतलगायतको शीर्षकमा सहयोग गरेको जिल्ला प्रसाशन कार्यालय सुनसरीले जनाएको छ। विभिन्न शीर्षकमा राहत वितरण गरेको भए पनि प्रभावकारी अनुगमन नभएको कारणले केही कोशीपीडित करोडपतिसमेत बनेका छन् भने केही अझैं राहतको पर्खाइमा बसेका छन्।

कतिले विराटनगर, इटहरी, इनरुवा र शहरी क्षेत्रमा घरजग्गा जोडेका छन्। कति बाढीपीडित अझैंपनि एकछाक खाएपछि अर्को छाक टार्न समस्यामा रहेका छन्। त्यसैले तत्कालको समयमा कोशी बाढीपीडितसँगको सम्झौता कार्यान्वन गर्नु जरुरी देखिन्छ।

## महामारीको एउटा...

बचत भएको छ र यसका कारण मानिसहरू दिन प्रतिदिन प्रविधिमैत्री बन्दै गएका छन्, जुन निकै सकारात्मक पाटो हो।" उहाँले सवारीसाधन नवीकरण चालक अनुमति प्रमाणपत्र, मालपोतलगायत राजस्व लिने ठाउँमा पनि यसको कार्यान्वयन हुनुपर्ने र नागरिकलाई डिजिटल बैंकिङ जटिल होइन सहज छ भनेर बुझाउनुपर्छ भन्नुभयो। प्रमुख कार्यकारी अधिकृत सापकोटाले नेपाल राष्ट्र बैंकले यस बर्षको मौद्रिक नीतिमा यस विषयलाई उच्च प्राथमिकता राख्नु निकै सकारात्मक हो भन्नुभयो।

यो वर्षको मौद्रिक नीतिमा भुक्तानी सम्बन्धी छुट्टै व्यवस्था गर्नु राम्रो काम भएको भन्दै उहाँले अहिलेको अवस्थामा विकसित देशहरूले गरिरहेकोजस्तो 'क्यासलेस' कारोबारलाई प्रोत्साहन गर्नु जरुरी छ भन्नुभयो। उहाँले यो प्रयोगकर्ता सचेत हुनुपर्ने विषय पनि हो भन्दै नगद कारोबार बैकल्पिक माध्यमबाट गर्नुपर्नेमा जोड दिनुभयो। अघिल्लो वर्षभन्दा यो बर्ष बढी उत्साहजनक रहेको भन्दै उहाँले बिगतमा नगदरहित कारोबार भनेको एउटा सोखको विषय भए पनि अहिले भने अनिवार्य आवश्यकताजस्तो भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "बिजुली टेलिफोन, विभिन्न बिल भुक्तानी गर्न लाइनमा बस्नेजस्तो झन्झटिलो काम घट्दै गएको छ, समयको बचत भएको छ र यसका कारण मानिसहरू दिन प्रतिदिन प्रविधिमैत्री बन्दै गएका छन्, जुन निकै सकारात्मक पाटो हो।" उहाँले सवारीसाधन नवीकरण चालक अनुमति प्रमाणपत्र, मालपोतलगायत राजस्व लिने ठाउँहरूमा पनि यसको कार्यान्वयन हुनुपर्ने र नागरिकलाई डिजिटल बैंकिङ जटिल होइन सहज छ भनेर बुझाउनुपर्छ भन्नुभयो।

## अफगानिस्तानबाट थप ७२ नेपाली स्वदेश फिर्ता

काठमाडौँ, २ भदौ (रासस)।

अफगानिस्तानबाट उद्धार गरिएका थप ७२ नेपाली बुधबार बिहान स्वदेश फर्किएका छन्। उनीहरू बुधबार बिहान ९:१५ बजे कतार एयरवेजको जहाजबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका हुन्।

अफगानिस्तानबाट लण्डन पुऱ्याइएका उनीहरूलाई त्यहाँबाट दोहा हुँदै कतार एयरवेजको जहाजबाट बुधबार बिहान काठमाडौं ल्याइएको नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीले जानकारी दिनुभयो। "उनीहरूलाई होल्डिङ सेन्टरमा राखेर कोरोना परीक्षणलगायत प्रक्रिया पूरा गरी घर पठाइने छ", उहाँले भन्नुभयो।

मङ्गलबार दुई चरणमा गरी २०५ व्यक्तिलाई काठमाडौं ल्याइएको थियो। जजिरा एयरलाइन्सको चार्टर्ड विमानबाट दिउँसो ११८ र राति ८७ नेपाली स्वदेश फर्किएका थिए।


## माइग्रेशन हराएको सूचना

जिल्ला सप्तरी नकटी रायपुर ६ (हाल रुपनी गापा) निवासी आरती कुमारी यादवको +२ को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८६७९०८४७ मा सम्पर्क गर्नुहोला।

**नाम : आरती कुमारी यादव**

**ठेगाना : नकटी रायपुर ६, सप्तरी (हाल रुपनी गापा)**


# विश्व समाचार

## अफगानिस्तानबारे मिलेर अघि बढ्ने अमेरिकी राष्ट्रपति र बेलायतका प्रधानमन्त्रीको भनाइ

लन्डन, २ भदौ (रासस/एएफपी)।

अफगानिस्तानमा भएको पछिल्लो विकसित परिस्थितिका विषयमा अमेरिकी राष्ट्रपति जो बाइडेन र बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनबीच फोनवार्ता गर्नु भएको छ।

उहाँहरुबीच मंगलबार फोनवार्ता भएको बेलायतका प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ। उहाँहरुकाबीचमा हालै अफगानिस्तानबाट अमेरिकीसहित नेटो सेना फर्किएको विषय र त्यसपछि तालिबानीले अफगानिस्तान कब्जा गरेको विषयमा कुराकानी भएको थियो।

सो क्रममा उहाँहरुले एकआपसमा उक्त अप्ठेरो परिस्थितिमा अफगानिस्तानबाट आफ्ना नागरिक स्वदेश फिर्ता गर्नका लागि गरेको सहायताप्रति धन्यवाद पनि दिनुभएको थियो।

उहाँहरुले फोनवार्ताका क्रममा अबका दिनमा अफगानिस्तानका विषयमा आफू कसरी अघि बढ्ने भन्ने बारेमा पनि कुराकानी गर्नुभएको बताइएको छ।

आगामी दिनमा अफगानिस्तानमा तालिबानले सत्ता सञ्चालन गर्ने स्पष्ट भइसकेको भए पनि आगामी दिनमा अफगानिस्तानका विषयमा एक आपसमा मिलेर अघि बढ्ने विषयमा सहमति भएको पनि सो समाचारमा जनाइएको छ।

उहाँहरुले अफगानिस्तानबाट बाहिरन चाहेका विदेशी नागरिकलाई त्यहाँबाट उद्धार गर्नका लागि पनि संयुक्तरुपमा सहायता प्रदान गर्ने बताउनुभएको थियो।

त्यसैगरी आगामी दिनमा अफगानिस्तानमा आउनसक्ने मानवीय सङ्कटको समाधानका लागि दुई देशले मिलेर काम गर्ने र विश्व समुदायलाई पनि यस विषयमा आवश्यक मात्रामा समन्वय गरेर अघि बढ्ने उहाँहरुले बताउनुभएको सो समाचारमा जनाइएको छ।

## राजधानी काबुल र अन्तरराष्ट्रिय विमानस्थलमा ठूलो संख्याका मानिस अलपत्र

काबुल, २ भदौ (रासस/एएफपी)।

अफगानिस्तानको राजधानी काबुललाई यहाँका सशस्त्र विद्रोही समूह तालिबानले कब्जा गरेपछि यहाँ विभिन्न प्रान्तबाट विस्थापित भएर आएकाको भीड लागेको छ।

उनीहरु आफ्नो सुरक्षाको माग गर्दै यसअघि काबुलमा आएका थिए। अफगानिस्तानको राजधानी काबुलको वरपरका प्रान्तमा तालिबानले कब्जा जमाएपछि उनीहरु भागेर त्यहाँ आएका हुन्।

तालिबानले गत महिनादेखि अफगानिस्तानको हेरात, घाज्नी, लागोर, कन्दाहार आदि प्रान्त कब्जा गर्दै आएका हुन्। त्यस लगत्तै ती स्थानका नागरिक सुरक्षा खोज्दै काबुल आएका र अहिले पनि उनीहरु त्यहीँ रहेका छन्।

अफगानिस्तानमा रहेका संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधिले सो कुरा बताएका छन्। उनीहरुले काबुलका विभिन्न खुल्ला क्षेत्र र विमानस्थलमा हजारौं नागरिकको भीडभाड रहेको छ।

उता अफगानिस्तानको राजधानी काबुल नै तालिबानले कब्जा गरेपछि विदेशी नागरिक पनि आफ्नो देश फर्किन काबुलको विमानस्थलमा जम्मा भएका छन्।

आवश्यक मात्रामा उडान हुन नसक्दा हजारौं नागरिक विमानस्थलमै बसेका छन्। ती अफगान र विदेशी नागरिकलाई संयुक्त राष्ट्रसङ्घीय सहायता एजेन्सीले सहायता प्रदान गरिरहेको जनाइएको छ।

उनीहरुलाई आवश्यक पर्ने खाद्यान्न तथा बस्ने व्यवस्थाका लागि सो एजेन्सीले काम गरिरहेको सो एजेन्सीले जानकारी दिएको छ।

उपस्थित ठूलो संख्याका विदेशी नागरिक स्वदेश फर्किन चाहे पनि आवश्यक मात्रामा उडान नहुँदा समस्या भएको छ।

केही मात्रामा विदेशी नागरिकको संख्या घटेको भए पनि अझै धेरै मानिस त्यहाँ रहेका राजधानी काबुलबाट प्राप्त भएका समाचारमा जनाइएको छ।

## भारतमा थप ३५ हजार १७८ संक्रमित थपिए

नयाँदिल्ली, २ भदौ (रासस/एएनआई)।

भारतमा पछिल्लो २४ घण्टामा ३५ हजार १७८ थप सङ्क्रमित थपिएका स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ।

अहिले यहाँ सक्रिय सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख ६७ हजार ४१५ जना सो मन्त्रालयले जनाएको छ। यो सङ्ख्या सन् २०२०को मार्चपछिकै सबैभन्दा कम भएको अधिकारीले जनाएका छन्। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कूल सङ्क्रमितमध्येको १.१४ प्रतिशत हो।

भारतमा अहिलेसम्म कोरोना भाइरसका कारण मृत्यु भएकाको कूल सङ्ख्या चार लाख ३२ हजार ५१९ रहेको छ भने, तीमध्ये ४४० जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो।

मन्त्रालयका अनुसार पछिल्लो एक दिनमा ३७ हजार १६९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त भएकाको कूल सङ्ख्या तीन करोड १४ लाख ८५ हजार ९२३ पुगेको छ। कूल सङ्क्रमितमध्ये ९७.५२ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या तीन करोड २२ लाख ८५ हजार ८५७ पुगेको छ।

यही अगस्त १७ सम्ममा भारतमा ४९ करोड ८४ लाख २७ हजार ८३ ओटा स्वाब परीक्षण गरेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ। तीमध्ये १७ लाख ९७ हजार ५५९ जनाको पछिल्लो एक दिनमा परीक्षण गरिएको हो।

भारतमा गत १६ जनवरीदेखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म ५६ करोड छ लाख ५२ हजार ३० डोज खोप लगाइएको छ। पछिल्लो २४ घण्टाको समयअवधिमा ५५ लाख पाँच हजार ७५ डोज खोप लगाइएको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

# क्यान्सर पीडित अमृताको ज्यान जोगियो




**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ५ छपकी टोलकी १५ वर्षिया क्यान्सर पीडित अमृता शर्माको ज्यान जोगिएको छ ।

घाटीको दुबै भागमा थाइराइड क्यान्सरले पीडित अमृताको उपचारका लागि जिल्लाको बलान बिहुल गाउँपालिकास्थित बेल्ही यूथ क्लब सप्तरी नामक संस्थाले अगुवाई गरि सहयोग जुटाउन थालेपछि अमृताको ज्यान जोगिएको हो ।

उनको मंगलबार चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा डा. अनिल बिक्रम कार्की नेतृत्वको पाँच सदस्यीय चिकित्सक टोलीले सफल शल्यक्रिया सम्पन्न गरेको छ ।

चिकित्सकले अमृता खतरामुक्त रहेपनि उपचार अझ डेढ दुई महिना लम्बिने र यसमा पाँच देखी ६ लाख रुँपैया कुल खर्च लाग्ने बताएको क्लबका अध्यक्ष प्रमोद कुमार साहले जानकारी दिए । बुधबार सम्ममा विभिन्न दाताहरुबाट ५२ हजार रुँपैया संकलन गरिएको अभियानका अर्का अगुवा एवं क्लबका संस्थापक अध्यक्ष प्रकाश यादव शंकरले बताए ।

अमृता विगत ६ वर्षदेखी घाटीको क्यानसर रोगले पीडित थिइन् । सम्पत्तिको नाममा केही नभएर ऐलानी जग्गामा फुसको घर बनाई बस्दै आएका शर्मा परिवारमा दुई वर्षअघि अर्को बज्रपात भयो । अर्काको खेतमा मजदुरी गरि परिवार पाल्दै आएका अमृताका बुबा महादेवको दुई वर्षअघि सडक दुर्घटनामा परि मृत्यु भएपछि विचल्लीमा परेका परिवार अमृताको उपचार कसरी गर्ने भन्ने चिन्तामा समेत डुबेका थिए ।

# प्रतिनिधिसभा विघटनसम्बन्धी सबै रिट निवेदन खारेज

काठमाडौं, २ भदौं (रासस) ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनविरुद्ध परेका सबै रिट निवेदन खारेज गरेको छ ।

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा तथा न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासले बुधबार उक्त विवादसम्बन्धी परेका ३० थान रिट निवेदन खारेज गरेको हो ।

उक्त विषयमा रिट जारी भइसकेको र त्यसबारेमा थप केही बोल्न नपर्ने उल्लेख गर्दै प्रतिनिधिसभा विघटनसम्बन्धी रिट निवेदन खारेज गरेको अदालतलका प्रवक्ता बाबुराम दाहालले जानकारी दिनुभयो ।

उक्त विवादको सुनुवाइपछि सर्वोच्च अदालतले गत असार २८ गते नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गरेको थियो । सोही आदेशअनुसार हाल प्रधानमन्त्रीमा देउवा रहनुभएको छ । उक्त विवादको औचित्य समाप्त भएको भन्दै संवैधानिक इजलासले उक्त विवादसम्बन्धी सबै रिट निवेदन खारेज गर्ने आदेश गरेको हो ।

# लागुऔषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २ भदौ ।**

सिरहाको गोलबजार नगरपालिका ३ गागन पुलबाट प्रहरीले प्रतिबन्धित लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको बरियारपट्टि गाउँपालिका ३ का २२ वर्षीय प्रमोदकुमार यादव र सुखीपुर नगरपालिका १० का २८ वर्षीय धनजीत यादव छन् ।

इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले उनीहरूको साथबाट लागुऔषध नाइट्रोभेट टचाबलेट ९०० पिस, अनटेष्ट पल्सर मोटरसाइकल एक थान, मोबाइल दुई थान र रु तीन हजार ३४६ समेत बरामद गरेको जनाएको छ ।

***अध्यादेशविरुद्ध ...***

नारायण रजक, एमाले जिल्ला कमिटीका सचिव देवनाथ यादव, जिल्ला कमिटी सदस्य अखिलेश झा, दुर्गानन्द ठाकुर, आकाश यादव, राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सदस्य रंजन झा लगायतले सम्बोधन गर्दै प्रमुख प्रतिपक्षी दल एमालेलाई विभाजन गर्नका लागी अध्यादेश ल्याइएको बताए ।

अध्यायदेशले मुलुकलाई अस्थिरता तर्फ धकेल्ने भन्दै फिर्ता नलिए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।

# प्रदेश नं १ सार्वजनिक सवारी साधनको भाडादर वृद्धि

मोरङ, २ भदौं (रासस) ।

प्रदेश नं १ सरकारले प्रदेशस्तरमा चल्ने सार्वजनिक सवारी साधनको भाडादर वृद्धि गर्ने निर्णय गरेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले यात्रुवाहक सवारी साधनमा २२ प्रतिशत, तराईको बाटोमा मालवाहकमा २३ प्रतिशत र पहाडी बाटोमा मालवाहकमा १६ प्रतिशत भाडादर वृद्धि गरेको मन्त्रालयका महाशाखा प्रमुख रामप्रसाद फुँयालद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

प्रदेशभित्रका विभिन्न रुटमा सञ्चालन हुने सार्वजनिक यातायातका सवारीको भाडादर मन्त्रालयको यही भदौ १ गते बसेको मन्त्रिस्तरीय बैठकले निर्णय गरी सोही मितिदेखि लागू हुने सूचनामा उल्लेख गरिएको छ ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरानो भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहि हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान — जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान — जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*